# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०६।२५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

उच्च माध्यमिक शिक्षा परिषदका तत्कालीन सह-सचिव हाल अवकाश प्राप्त देवीप्रसाद वाराकोटीले प्रश्नपत्र छपाई लगायत छात्रवृति वितरण गर्दा घुस रिसवत लिई अकूत सम्पत्ति आर्जन गरेको भन्ने समेत व्यहोराको उजुरीको अनुसन्धानको क्रममा छानविन हुदा निजले रू. २,०२,९०,६०२।४८ (अक्षरुपी दुई करोड दुई लाख नब्बे हजार छ सय दुई रुपियाँ अठ्चालीस पैसा) गैरकानूनी रुपमा आर्जन गरी उक्त गैरकानूनी रुपमा आर्जित सम्पत्तिबाट रू. १,१७,८३,५४६।८४ बढे बढाएको समेत पाइएकोले निज देवीप्रसाद वाराकोटीलाई सार्वजनिक पदमा वहाल रही राष्ट्रसेवकको जिम्मेवारी निर्वाह गर्दा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) को कसुरमा कुल बिगो रू. ३,२०,७४,१४९।३२ (अक्षरुपी तीन करोड बीस लाख चौहत्तर हजार एक सय उनान्चास रुपियाँ बत्तीस पैसा) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग, तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन र भ्रष्टाचार गरी गैरकानूनी आर्जन गरेको चल अचल सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम माग दाबी लिईएको।

यसका अतिरिक्त निज देवीप्रसाद वाराकोटीले गैर कानूनी रुपमा आर्जन गरेका सम्पत्तिहरू निजको श्रीमती प्रमिला उप्रेतीको नाममा बदनियत साथ राखेको तथा लुकाए-छिपाएको देखिएको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) तथा दफा ४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम उल्लेखित सम्पत्तिहरू जफत गरी पाउन मागदाबी लिएको र सो चल अचल सम्पत्तिहरू जफत गर्ने प्रयोजनको लागि प्रमिला उप्रेतीलाई समेत प्रतिवादी कायम गरिएको।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता